### २.४ बसाईं सराईंको स्थिति

कूल जनसंख्या मध्ये करिव ८० प्रतिशत घरमा नै वसोवास गर्दै आएका छन् भने ११.८ प्रतिशत रोजगार तथाउच्चशिक्षाको सिलसिलामा वाह्य देशमा वसोवास गरी रहेका छन् । ६.५ प्रतिशतजिल्ला सदरमुकामतथाजिल्लाभित्रकाअन्य स्थानमा र ३.८ प्रतिशत नेपालभित्रकै अन्यजिल्लामावसोवास गर्दै आएका छन् । अस्थायीका साथै स्थायीवसाईसराई पनि गर्ने प्रचलन बढ्दै गएको देखिन्छ । गतआर्थिक वर्षमा यस गांउपालिकाबाट ४० घर स्थायीवसाईसराई गरेको देखिन्छ ।

### २.५जनसंख्याको बनौट

### २.५.१ लिंगतथा उमेर अनुसार जनसंख्यावर्गिकरण

काठेखोलागांउपालिकामामहिला १४,३५५ र पुरुष १५,४०७ गरी जम्मा २९,७६२ जनसंख्या रहेका छन् । उमेरका हिसावले सवैभन्दा वढी १४,६३५ (४९.१७प्रतिशत) जनसंख्या १६ वर्ष र ४५ वर्ष वीचको रहेको पाइयो । ७१ वर्ष र ९० वर्ष वीचका १,११७जना रहेका छन् । ९१ वर्ष भन्दामाथिकाजम्मा ११ रहेका छन् । लिङ्गकाहिसावले ४५ वर्षसम्म तथा७० वर्ष र ९० वर्ष वीच उमेरमा पुरुष वढी तथा ४५ वर्ष र ७० वर्ष वीचतथा ९१ वर्ष भन्दा वढी उमेर पुरुषभन्दामहिला वढी भएको पाइयो(तालिका ६) ।वर्ष अनुसारका जनसंख्याअनसुची १ मा दिइएको छ ।

तालिका:विभिन्न उमेर अनुसारका महिलातथापुरुष जनसंख्या

| उमेर वर्गीकरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ५ वर्ष भन्दामूनी | १,४५८ | १,२५५ | २,७१३ |
| ६ वर्ष देखि १५ वर्ष सम्म | २,६७० | २,४८० | ५,१५० |
| १६वर्ष देखि ४५ वर्ष सम्म | ७,७३४ | ६,९०१ | १४,६३५ |
| ४६ वर्ष देखि ७० वर्ष सम्म | २,९७३ | ३,१४५ | ६,११८ |
| ७१ व्र्ष देखि ९० वर्ष सम्म | ५६२ | ५५५ | १,११७ |
| ९१ वर्ष देखि माथि | ११ | १९ | ३० |
| **जम्मा** | **१५,४०८** | **१४,३५५** | **२९,७६३** |

### २.५.२ जातजाति अनुसार घरधुरीको वर्गिकरण

काठेखोला गांउपालिकामा भएको जम्मा ५,६८९ घरधुरी मध्ये व्रहमण,क्षेत्रीतथा ठकुरी २,३८३ (४१.८८ प्रतिशत), दलित १,२३९ (२१.७७प्रतिशत) र आदिवासी जनजाति२,०६७(३६.३३ प्रतिशत) रहेका छन्। जस्मध्ये १,१२२ (१९.७२ प्रतिशत) घरधुरीमा घरमूली महिला रहेका छन् । आदिवासी जनजाति, व्रहमण क्षेत्रीतथा ठकुरी र दलितक्रमश: २२.२५, १८.३३ र १८.१५ प्रतिशत घरधुरीमा महिला घरमुली रहेको पाइयो ।

**तालिका १:जातजाति अनुसार जम्मा घरधुरी संख्या**

| वार्ड नम्वर | ब्रम्हाण क्षेत्रीतथा ठकुरी | दलित | आदिवासीजनजाति | जम्मा |
|---|---|---|---|---|
| १ | १७९ | १३८ | ३१४ | ६३१ |
| २ | ३११ | २२१ | १८३ | ७१५ |
| ३ | १७१ | १७९ | १७७ | ५२७ |
| ४ | १७ | १४९ | ६७२ | ८३८ |
| ५ | ५६४ | २५४ | ८४ | ९०२ |
| ६ | ३९० | ९८ | ५ | ४९३ |
| ७ | ५९४ | ८४ | ३८२ | १०६० |
| ८ | १५७ | ११६ | २५० | ५२३ |
| **जम्मा** | **२,३८३** | **१,२३९** | **२,०६७** | **५,६८९** |

### २.५.४ धर्म अनुसार वर्गिकरण

करिव ९६ प्रतिशत घरधुरी हिन्दु, ४ प्रतिशतवौद्ध तथाजम्मा ०.२८ प्रतिशत इसाई धर्मालम्वी रहेको पाईयो । जातजातिगत रुपमा आदिवासी जनजातिहरु सवै भन्दा वढी (९.७० प्रतिशत) वौद्ध धर्मालम्वी रहेका । ब्रह्मण क्षेत्रीतथा ठकुरी घरधुरी कोहि इसाई नभएको देखियो ।

तालिका७: जातजातिअनुसार विभिन्न धर्मलम्वी घरधुरी प्रतिशत

| जातिगतविवरण | बौद्धधर्मालम्वी | इशाई | हिन्दु |
|---|---|---|---|
| ब्रह्मण, क्षेत्रीतथा ठकुरी | ०.०६ | ०.०० | ९९.९४ |
| दलित | ०.२२ | ०.६७ | ९९.११ |
| आदिवासीजनजाति | ९.७० | ०.३४ | ८९.९६ |
| औषत | ३.९९ | ०.२८ | ९५.७४ |

### २.५.५ पेशागतविवरण

कूल जनसंख्याको करिव ७१.३ प्रतिशत जनसंख्याको मूख्य पेशा कृषि रहेको पाईयो । करिव २३ प्रतिशत विभिन्न किसिमका नोकरीमा संलग्न रहेको पाइयो । वैदेशिक रोजगार (५९.६ प्रतिशत) प्रमुख नोकरी वा आम्दानीका स्रोत देखियो (तालिका,) । त्यसैगरी १.६ प्रतिशत व्यापार र ०.२ प्रतिशत घरेलु उद्योगमा संलग्न रहेका छन् । जम्मा २.२ प्रतिशत जनसंख्या दक्ष कामदार (सीप) भएका र करिव १.५ प्रतिशत अदक्ष कामदारको रुपमा काम गर्ने देखियो । कुलदक्षकामदार मध्ये २८ प्रतिशतसिकर्मी, करिव २५ प्रतिशत डकर्मी, १५.२ गाडी चालक, १२.४ प्रतिशत सिलाई, ७.५ प्रतिशत फलामको काम र १२ प्रतिशत अन्य क्षेत्रमा दक्ष रहेको पाइयो ।

तालिका ५: रोजगारका किसिमहरु

| विभिन्नपेशा | प्रतिशत |
|---|---|
| सरकारी क्याम्पस र विद्यालयमा | ८.५ |
| निजामतीनोकरी | ३.८ |
| नेपाली सेना र प्रहरी | ३.९ |
| गैह्र सरकारी संस्था | १.८ |
| नीजिक्याम्पस र विद्यालय | १.४ |
| विदेशी सेना | ६.४ |
| वैदेशिक रोजकारी (वैदेशिक सेना वाहेक) | ५९.४ |
| नेपाली सेना निवृत्त | १.६ |
| विदेशीजागिर निवृत्त | १०.४ |
| अन्य | २.८ |